राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन पाँच औं वार्षिकोत्सव

वर्ष-१५ ।। अङ्क : २०५ ।। २०८० असोज ०६ गते शनिबार (23rd Sep 2023 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

सरकार र शिक्षक महासंघबीच सहमति, आन्दोलन फिर्ता

भ्रापा(प्रस)। सरकार र ३ दिनदेखि आन्दोलरत नेपाल शिक्षक महासंघबीच सहमति भएको छ ।

गृह मन्त्रालयमा शुक्रबार संसदमा दर्ता विद्यालय शिक्षा विधेयक संशोधन गर्ने ६ बुँदे सहमति भएको छ ।

संशोधनका लागि सुझाव दिन शिक्षक महासंघका प्रतिनिधिसहित कार्यदल बन्ने भएको छ। विभिन्न बुँदामा सहमति भएको र त्यसलाई लिखित गरेर सार्वजनिक गरिएको छ ।शिक्षक आन्दोलन पनि फिर्ता हुने सहमति पनि कायम भएको छ । गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा दुई पक्षबीच सिंहदरबारमा वार्ता भएको थियो ।

वार्तापछि सरकारका प्रवक्ता रेखा शर्माले संसद्को सर्वोच्चतालाई ख्याल गर्दै यसलाई परिमार्जन र समृद्ध बनाएर लैजाने जानकारी दिइन् । उनले शिक्षकहरुले उठाएका मागबारे सकारात्मक रहेको जानकारी दिइन् । उनले

संविधानकै प्रतिकूल हुने दिशामा कोही जान नसक्ने बताइन् ।

काठमाडौंका सडकमा आन्दोलनरत शिक्षकहरुले शुक्रबार पनि आन्दोलनलाई निरन्तरता दिएका थिए । सडक आन्दोलनकै क्रममा शिक्षकहरुले शुक्रबार नाचगान गरेर रमाइलो गरेको भेटिएको थियो । शुक्रवार माइतीघरमा जम्मा भएर उनीहरुले बानेश्वरसम्मको सडकमा शिक्षा विधेयकको खारेजी माग गर्दै नाराबाजी गरेका थिए ।

सरकारले भाद्र २७ गते संसदमा दर्ता गरेको विद्यालय शिक्षा विधेयकको विरोधमा शिक्षकहरुले बुधबारदेखि काठमाडौं केन्द्रित सडक आन्दोलन गर्दै आएका थिए । शिक्षक आन्दोलनकै कारण बिहीबारदेखि २७ हजार सामुदायिक विद्यालयका साढे ५३ लाख विद्यार्थी पठनपाठनबाट वञ्चित भएका छन् । शिक्षकहरुले स्थानीय तह मातहत बस्न अस्वीकार गर्दै पेशागत हकहित, सुरक्षा र सम्मानका माग अघि सारेका छन् ।

यसैबीच मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी नेकपानिकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीका १६ जना पक्राउ गरेका छन् ।

विद्यालय शिक्षा विधेयकको विरोधमा शुक्रबार सिंहदबार अगाडि प्रदर्शनमा उत्रिएपछि प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । अखिल क्रान्तिकारीका संयोजक मिलन राईसहित १६ जना पक्राउ परेका छन्

शिक्षकहरुको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै उनीहरु विरोधमा उत्रिएका थिए । प्रहरीले उनीहरुलाई सिंहदरबार वृत्तमा राखेको थियो ।साँझपख छोडिएको छ ।

बिर्तामोड नगरपालिका
पशुपंक्षी तथा मत्स्य विकास शाखा
बिर्तामोड झापा
कोशी प्रदेश नेपाल

सूचिकृत हुन आउने बारेको सूचना
पहिलो पटक प्रकाशित मिति : २०८०/०६/०५

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको स्वीकृत कार्यक्रम आ.व.२०८०/०८१ अनुसार पशु बीमा ५० प्रतिसत अनुदान कार्यक्रम संचालन गरिने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७सात)दिन भित्र ईच्छुक बीमा कम्पनी हरुले तपशिलका कागजात सहित बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको कार्यालयमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु :
१.निवेदन - १ थान
२.बिर्तामोड नगरपालिकामा दर्ता भएको प्रमाणपत्रको छ्यांयाकपी - १ थान
३.पान/भ्याट प्रमाणपत्रको छ्यांयाकपी - १ थान
४.बीमा समिति बाट प्राप्त ईजाजत पत्रको छ्यांयाकपी - १ थान
५.कम्पनी दर्ता प्रमाणपत्रको छ्यांयाकपी - १ थान
६.कर चुक्ता प्रमाणपत्रको छ्यांयाकपी - १ थान
७.सूचिकृत दस्तुर तिरेको रसिद - १ थान

नेपालीलाई भारतीय बनाइदिएपछि राजवंशी ३ महिनादेखि कुवेतको जेलमा

भ्रापा(प्रस) । कुवेतस्थित नेपाली दूतावासको गल्तीका कारण एक नेपाली युवक लामो समयदेखि त्यहाँ जेल जीवन बिताइरहेको तथ्य बाहिरिएको छ। मोरङ बेलबारी नगरपालिका-९ बाहुनीका अरुणकुमार राजवंशीले आफू अनाहकमा जेल जीवन बिताइरहेको भन्दै बाबुआमाका नाममा पत्र लेखेपछि सो तथ्य बाहिरिएको हो।

उनले तीन महिनादेखि आफूलाई कुवेतको सोइबको सीआईडी पुलिस जेलमा राखेको पत्रमा उल्लेख गरेका छन्। ट्राभल डकुमेन्ट्स बनाउने क्रममा नेपाली दूतावासले भारतीय नागरिक भनी उल्लेख गरिदिएकाले आफूले समस्या भोग्नु परिरहेको उनले पत्रमा लेखेका छन्। राजवंशीले आफ्नो समस्यालाई लिएर पटकपटक दूतावाससमक्ष अनुरोध गरेपनि बेवास्ता गर्ने गरेको पनि पत्रमा उल्लेख गरेका छन्।

उनले आफ्नो सिभिल आईडीको फोटो खिची अन्य कागजात मिलाई कुवेत पुलिसले नेपाल पठाउँछु, सफर जेलमा लग्दा राष्ट्रियता फरक पर्न गई म नेपालीलाई भारतीय नागरिक बनाई दिएकाले नेपाल फर्कन समस्या भएको' पत्रमा उल्लेख गरेका छन्।

कुवेत पुलिसले आफूलाई भारतीय नागरिक भन्दै नेपाल फर्कन रोक लगाएपछि कुवेतमा रहेको नेपाली दूतावासमा राष्ट्रियता सच्याई दिन पटकपटक अनुरोध गर्दा पनि नसुनेको र दूतावासका कर्मचारी जेलमै आएको बेलामा भेटेर समस्या सुनाउँदा पनि कुनै सुनवाइ नगरेपछि पत्र लेखेको उनले बताए।

दूतावासले बेवास्ता गरेपछि पत्रमार्फत घरपरिवारलाई जानकारी गराएपछि उनको परिवारले सो पत्र कुवेतमा रहेका विभिन्न संघसंस्थालाई पठाएपछि दूतावासको गल्ती बाहिरिएको हो। सो पत्र विनोद कुँवर नेतृत्वको गैरआवासीय नेपाली संघ (एनआरएनए) कुवेतका अध्यक्ष धिरेन सुवेदीकहाँ पनि पुगेको थियो।

अध्यक्ष सुवेदी भन्छन्, 'मंगलबार बिहान उठ् नासाथ मेसेन्जरमा हातले कोरिएको एउटा पत्र प्राप्त भयो, सुरुमा त खासै चासो दिइनँ, पछि उसले लेखेको मेसेजमा आँखा गयो, पीडितको आफन्त हो या उसको साथी, जसले मबाट हुन सक्ने सहयोगको अपेक्षा माग्नुभएको रहेछ' उनले भने, 'त्यसपछि चिठीतिर आँखा दौडाउन थालें, अरुणकुमार राजवंशी भन्ने भाइले कुवेतको जेलबाट आफ्ना बुबाआमासँग गुहारका लागि कोरेको पत्र रहेछ। पूरै पढें, त्रुटि हाम्रै नेपाली दूतावासलाई देखाइएको रहेछ। भाइको ट्राभल डकुमेन्ट्स बनाउने क्रममा भारतीय नागरिक भनी उल्लेख गरिएको कारण उसलाई डिपोर्ट जेल पुर्याएपछि कागजातमा त्रुटि भेटिएको भनेर पुनः जेलमै फिर्ता गरिएको रहेछ'

उनले दूतावासलाई पटकपटक त्यसबारे जानकारी दिँदा पनि दूतावासबाट कुनै रेस्पोन्स नपाएपछि अन्तिम विकल्पका रूपमा नेपालमा रहेका आफ्नो बुबाआमालाई र नेपालमा रहेका विभिन्न संघसंस्था, जनप्रतिनिधि, सञ्चारमाध्यमलगायतलाई उद्धारका लागि पत्र लेखेको आफूले पाएको बताए।

❖ बाँकी अन्तिम पृष्ठमा

राउतले होटलमा गरे आत्महत्या ,एक महिला पक्राउ

दमक(प्रस) । झापा दमकस्थित मेची बहुउद्धेश्यीय सहकारी संस्थाका कर्जा अधिकृत मेघराज राउत बिहीबार अपरान्ह एक होटलमा मृत फेला परेको घटनामा अनुसन्धान गर्न प्रहरीले एक जना महिलालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्रप्रसाद रिजालका अनुसार प्रहरीले बिहीवार राति साढे ९ बजे ती महिलालाई नियन्त्रणमा लिएको हो । उनले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएका छन् ।

प्रहरीले महिलाका बिषयमा थप केही खुलाएको छैन । ३७ बर्षिय राउत बिहीबार बिहान करिब ९ बजेदेखि एकाएक घरपरिवार र कार्यालयको सम्पर्क बाहिर थिए । उनी सँधै कार्यालय आउने समयमा कार्यालय

❖ बाँकी अन्तिम पृष्ठमा

कोशीमा माओवादी बाहेकसँग विश्वासको मत माग्दै एमाले

झापा(प्रस) । कोशी प्रदेशको वर्तमान सरकारले विश्वासको मत लिने समय आगामी असोज २० गतेसम्म छ । गत भदौ २२ गते एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की सर्वोच्च अदालतको परमादेशपछि मुख्यमन्त्रीमा नियुक्त भएका छन् । उनले संविधानको धारा १६८ (४) अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । विश्वासको मत लिने समय नजिकिँदै गर्दा एमालेले आफ्नो सरकार टिकाउन कांग्रेस र एमालेबाटै विभाजित नेकपा (एकीकृत समाजवादी) पार्टीसँग

❖ बाँकी अन्तिम पृष्ठमा



डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर, जन्डिस, हेपाटाईटिस रोग
समय: प्रत्येक आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिशाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक आईतबार बिर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक शनिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - न्यूमोनिया, भाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), न्यूरो, कान्सर, नशा ढाड रोग/सर्जन
समय: प्रत्येक आईतबार बिर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक आईतबारको घरैमै परामर्श

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मगत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल मनरोग, मस्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक आईतबार इलाकोपोखर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाम्नरोग तथा (यूरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक आईतबार न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा अग्रणी
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड ४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/मिडिसिन एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

प्रेमी भेट्न इलाम आएकी युवतीलाई बलात्कार प्रयास

इलाम(प्रस) । इलाम घुम्न आएकी युवती प्रेमीको कोठामा बसिरहेका बेला प्रभु बैंक इलाम शाखाका कर्मचारी प्रमेश पोखरेलले बलात्कार प्रयास गरेका छन् । तराईको जिल्लाबाट विश्वकर्मा पुजाको दिन इलाम आएकी युवती प्रेमीको कोठामा बसिरहेका बेला पोखरेलले बलात्कारको प्रयास गरेका हुन् ।

युवतीका प्रेमी र पोखरेल दुबै बैंकका कर्मचारी हुन् । युवतीका प्रेमी पनि इलाम सदरमुकाममा रहेको अर्को बैंकमा काम गर्छन् । प्रेमीसँगै खाना खाएका बेला पोखरेलले युवतीलाई देखेका थिए । खाना खाएको केही घण्टापछि साथीको कोठामा पोखरेल पुगेका थिए । यो घटना असोज २ गते दिउँसो साढे तीन बजेको हो ।

इलामको मुख्य बजारभन्दा केही टाढा डेरा बस्दै आएका प्रेमीको कोठामा ती युवती बसेकी थिइन् । युवती बसेको कोठामा जानुअघि पोखरेल उनको प्रेमीले काम गर्ने बैंकमा पुगेका थिए ।

पोखरेल बैंकमा पुगेका बेला युवतीका प्रेमी काममा व्यस्त थिए । त्यसलगत्तै निस्किएका पोखरेल कर्मचारीको ड्रेसमा युवती भएको कोठामा पुगेका थिए । उनी मोवाइल चार्ज गर्ने निहुँमा युवती बसेको कोठामा पुगेको पीडितले बताइन् । शुरुमा ढोका

खोल्न लगाउँदा मेरो प्रेमीले झै ढोकामा ढकढक पारेको पीडित युवतीले भनिन्-'ढोका खोलेपछि सर त हुनुहुन्न भनेँ, तर म आराम गर्छु भनेर भित्र पसे र ढोका बन्द गरे ।' उनी भन्छिन्-'त्यसपछि म आत्तिएर कोठाको कुनामा बसे ।'

म कोठाको कुनामा बसेर प्रेमीलाई कम फास्ट भनेर मेसेज गरे ' पीडित युवती भन्छिन्-'त्यसपछि ढल्किएर बसेका उनले मेरो मोवाइल खोसेर फ्याकिदिए र मेरो काखमा एक्कासी आएर कपडा खोल्ने प्रयास गरे ।

मदिराले लठ्ठ परेका पोखरेलले शुरुमा लुगा खोल्न लगाएको तर नमानेपछि लछारपछार पारेको उनी बताउँछिन् । उनले भनिन्-'मेरो आधि लुगा खोलेर मेरो संवेदनशील अंगमा औला लगाउने प्रयास गरे, त्यहिकारण सानो घाउ भएको छ ।' घटनाको भोलिपल्ट असार ३ गते बिहान पीडित युवतीले प्रहरी कार्यालयमा जाहेरी दिएकी छन् ।

पीडितले प्रहरी कार्यालयमा जाहेरी दिएपछि प्रहरी पोखरेलको कोठामा पुगेको थियो । प्रहरीले पोखरेलको कोठाबाट युवतीको कोठामा पुग्दा लगाएको बैँकको ड्रेस बरामद गरेको छ । कोठाबाट चुरोट र रक्सीका बोतलहरु पनि प्रहरीले फेला पारेको छ ।

घटनाबारे पीडितले जाहेरी दिएपछि जिल्ला प्रहरी कार्यालयले अनुसन्धान गरेको थियो । प्रहरीले पीडितको बयान र स्वास्थ्य जाँच गरी जिल्ला अदालतमा पेश गरेपनि अदालतले पक्राउ गर्ने आदेश दिएको छैन अदालतले पक्राउ गर्ने आदेश नदिएपछि कार्वाही गर्न गाह्रो भइरहेको जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता डीएसपी प्रकाश जवेगुले बताए । युवतीलाई बलात्कार प्रयास गर्ने बैंकका कर्मचारी पोखरेल अहिलेसम्म फरार छन् ।

प्रहरीमाथि कुटपिटको आरोपमा तीन पक्राउ

झापा(प्रस) । संखुवासभा जिल्लाको पाँचखपनमा प्रहरीमाथि हातपात गरेको आरोपमा ३ जना पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय बानाबाट खटिएको प्रहरीमाथि हातपात र दुर्व्यवहार गरेको आरोपमा ३ जना पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा पाँचखपन नगरपालिका-७ बिहीबारे बजार बस्ने ३२ वर्षीय महेश कटुवाल, २९ वर्षीय वसन्त कटुवाल र २४ वर्षीय विष्णु कटुवाल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक धनश्याम श्रेष्ठले जानकारी दिए। उनीहरुको हातपातबाट इलाका प्रहरी कार्यालय बानाका प्रहरी हवल्दार सन्तोश राई घाइते भएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए। घाइते हवल्दार राईको प्राथमिक स्वास्थ्य केन्द्र वानामा उपचार हुन नसकेपछि थप उपचारका लागि संखुवासभा जिल्ला अस्पताल ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

बिहीबार पाँचखपन नगरपालिका-७ बिहीबार बजारमा मादक पदार्थ सेवन गरी हो-हल्ला गरिरहेको भन्ने खबर प्राप्त भएपछि इलाका प्रहरी कार्यालय वानाबाट प्रहरी टोली खटिएको थियो।

पक्राउ परेका तीनै जनालाई बिहीबार नै ७ दिन म्याद थप गरेर घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घटनामा संलग्नलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ बमोजिम अनुसन्धान हुने जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

राउतले...

नआएपछि परिवारसँग बुइदा घरमा समेत थिएनन् । त्यसपछि आन्तरिक रुपमा खोजी भइरहेको थियो । प्रहरीले राउतले प्रयोग गर्दै आएको मोवाइल फोनबाट लोकेशन ट्याक गर्दै दमक ५ स्थित मंगलदिप मार्केट र इलाका ट्राफिक प्रहरी कार्यालय दमकको मध्यभागमा रहेको अन्नपूर्ण होटल एण्ड लजको तेस्रो तलामा पुगेको थियो । त्यहाँ उनी बन्द कोठाभित्र फेन फुन्ड्याउने फलामको हुकमा डोरीको पासो लगाएको अवस्थामा मृत भेटिएका थिए ।

मृतकले आत्महत्या गर्नुअघि 'सु-साईड नोट' समेत लेखेर छोडेकोले त्यसबारेमा अनुसन्धान सुरु गरिएको इलाका प्रहरी कार्यालय दमकका डीएसपी मनोजकुमार लामाले बताए । 'आत्महत्या दुरुत्साहन गर्ने व्यक्ति तथा समूहको नजिकबाट पहिचान गरिरहेका छौ परिवारबाट जाहेरी आउनेबित्तिकै हामी पक्राउ गर्छौं ' डीएसपी लामाले भने ।राउतकी श्रीमती र नाबालिका छोरी रहेका छन् ।

नेपालीलाई ...

उनले पीडितको पत्र पाएपछि आफूले लगत्तै दूतावाससँग कुराकानी गरेको र चाँडै ट्राभल डकुमेन्ट्स सच्याएर पठाउने तयारी भइरहेको जवाफ पाएको बताए। उनले केही दिनअघि पनि दूतावासबाट जारी भएको डकुमेन्टमा त्रुटि भई घर फिर्ती हुन ढिलाइ भएकोमा आक्रोश पोख्दै एक जना नेपाली एनआरएनए आफूकहाँ आएको पनि बताए। उनलाई निरन्तर फलोअप गरेर समस्या समाधान गरी नेपाल पठाउन सफल भएको उनले बताए।

दूतावासले गर्नुपर्ने कागजी प्रक्रियामा यस्ता त्रुटि भेटिँदा धेरै नेपालीहरुको जेल बसाई लम्बिएको भन्दै दूतावासका कर्मचारीलाई आगामी दिनमा यस्ता विषयमा विशेष ध्यान दिन उनले अनुरोध गरेका छन्। यता दूतावासले पनि गल्ती स्वीकार गर्दै आगामी दिनमा यस्तो गल्ती नदोहोर्याउने प्रतिबद्धता जनाएको उनको भनाइ छ।

कोशीमा...

छलफल गरिरहेको छ । संविधान दिवसको अवसरमा मुख्यमन्त्री कार्कीले प्रदेशको अस्थिर राजनीतिले संघीयताप्रति वितृष्णा बढाइरहेको भन्दै सबै मिल्नुको विकल्प नभएको धारणा राखेका थिए । सबै दलसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताइरहे पनि उनले र उनको पार्टी एमालेले माओवादी केन्द्रसँग भने अहिलेसम्म कुनै छलफल गरेका छैनन् ।

मुख्यमन्त्री कार्कीको भनाइलाई बल पुग्ने गरी कोशी प्रदेशका खानेपानी, सिँचाइ, ऊर्जा तथा स्वास्थ्यमन्त्री तीलकुमार मेन्याङ्बोले पनि प्रदेश सरकारमा राजनीतिक दलबीच सहमतिको प्रयास भइरहेको बताए । खोटाङमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, ' जनताले सबै दल मिलेर सरकार बनाऊ भन्ने सन्देशसहित जनमत दिएका छन् । कोशी प्रदेशमा सबै दल मिलेर सरकारलाई स्थायित्व दिनुको विकल्प छैन ।'

तर, माओवादी केन्द्रलाई भने एमालेले छलफलमा कुनै स्पेस दिएको छैन । 'अहिलेसम्म एमालेले औपचारिक ढङ्गले सहयोग र समर्थन मागेको छैन सायद माओवादीसँगको सहकार्य उहाँहरूको प्राथमिकतामा छैन,' तपाईहरुसँग एमालेले कुनै प्रस्ताव वा छलफल गरेको छ ? भन्ने प्रश्नमा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने ।

यसअघि एमाले नेता शेरधन राईले नेकपा (एकीकृत समाजवादी)का नेता राजेन्द्रकुमार राईसँग धरानमा छलफल गरेका थिए । छलफलमा राईद्वयबीच प्रदेश सरकार कसरी टिकाउने विषयमा छलफल भएको बताइएको छ । त्यहाँ एमाले नेता राईले प्रदेशमा आलोपालोको प्रस्ताव गरेको अर्का नेता राजेन्द्र राईले बताएका थिए ।

उता, नेपाली कांग्रेससँग पनि एमाले नेताहरुले औपचारिक भन्दा अनौपचारिक रुपमा विभिन्न हिसाबले छलफल गरिरहेको बताइएको छ । काँग्रेस संसदीय दलका नेता भुपेन्द्र राईले आफूहरूसँग भन्दा पनि कतिपय नेताहरुसँग फोनमार्फत र भेटेरै अनौपचारिक छलफल गरेको भन्ने जानकारीमा आएको बताए । ' उहाँहरूले विभिन्न हिसाबले कसैलाई फोनमार्फत कसैलाई भेटेरै कुराकानी गरिरहेको थाहा पाएका छौं,' राईले भने, 'तर, संविधानको धारा १६८ (३) मा बनेको एमाले नेतृत्वको सरकारले यसरी छलफलको प्रयास गर्नु नै निरर्थक छ ।' संविधानको धारा १६८ (२) अनुसार काँग्रेस नेतृत्वमा बनेको सरकारलाई विभिन्न तिकडम गरेर परमादेश लिएको कुरा आफूहरूले नबिर्सेको राईले बताए ।

उता, यसअघि एमालेको गठबन्धनमा रहेको राप्रपाले पनि यस पटक विश्वासको मत दिने नदिने टुङ्गो लागेको छैन । पहिलो पटक कार्की नेतृत्वमा सरकार गठन हुँदा राप्रपा पहिलो चरणमै सरकारमा सहभागी भएको थियो । यस्तै गठबन्धनले संविधानविपरित सभामुखलाई सहभागी गराएर सरकार गठन भएको विषयमा राप्रपा पनि एमालेसँगै अदालत गएको थियो । यस पटक भने राप्रपा मौन मात्रै छैन एमाले नेतृत्वको सरकारमा सहभागी पनि भएको छैन । यसले एमाले नेता कार्कीलाई विश्वासको मत प्राप्त हुनुको साटो अघिल्लो पटकमा आएको ४६ मत पुर्याउन पनि कठिन हुने देखिएको छ ।

एमाले नेता तथा पूर्व मुख्यमन्त्री शेरधन राई भने संविधानको १६८ (३) अनुसारको वर्तमान सरकारले विश्वासको मत लिन नसक्ने र सोझै उपधारा ५ मा जानसक्ने अवस्था रहेको बताउँछन् । ' प्रदेशमा कुनै पनि ठोस स्थिति बनेको छैन । अवस्था तरल नै छ । सम्भावनाको लागि नेकपा एमालेले गठबन्धन भित्रकै कुनै पार्टनरलाई या त आफूसँग जोड्नु पर्यो । या त मत चोर्नु पर्यो,' उनले भने, 'नभए उपधारा ३ को सरकारले विश्वासको मत लिन सक्दैन । त्यसपछि भनेको उपधारा ५ मा जाने भयो ।' उनले प्रदेशको दलहरुको अवस्था तरल रहेको कारण उपधारा ५ मा पुगेपछि केही विकल्प रहेको पनि सुनाए ।

२०७९ पुस २४ मा प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री एमाले नेता कार्की बनेका थिए । त्यसबेला नेकपा माओवादी, जनता समाजवादी पार्टी, राप्रपा र जसपाको समर्थन थियो । उनी असार १५ मा पदमुक्त बने ।

असार २१ मा कांग्रेस नेता उद्धव थापा मुख्यमन्त्री बने पनि सभामुख बाबुराम गौतमलाई सरकारको समर्थनमा हस्ताक्षर गर्न लगाएको कारण अदालतले उनलाई साउन ११ मा पदमुक्त गरेको थियो । पुनः उनी साउन १६ गते दोस्रो पटक मुख्यमन्त्री बने । भदौ ४ मा विश्वासको मत लिँदा प्रदेशसभाको अध्यक्षता गरेका इम्राइल मन्सुरीलाई पनि मुख्यमन्त्रीको पक्षमा मत दिन लगाएको विषयमा परेको मुद्दामा पुनः थापा सर्वोच्चकै आदेशमा भदौ २१ गते पदमुक्त भए । संविधानको धारा १६८ को उपधारा ३ अनुसार सबैभन्दा ठुलो दलको नेता कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न सर्वोच्चले परमादेश दिएपछि कार्की भदौ २२ गतेदेखि मुख्यमन्त्रीमा बहाल छन् ।

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर
अनारमनी वितरण केन्द्र

फोन: ०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ती अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

मिति	फिडरको नाम	स्थान	समय	कारण	कैफियत
२०८०-०६-०६	११ के.भी. बजार, गरामनी, चारआली फिडर	बजार फिडर, गरामनी फिडर, चारआली फिडर अन्तर्गतका सम्पूर्ण एरिया	बिहान ७ बजेदेखि दिउँसो ०३ बजेसम्म	अनारमनी सब स्टेसनको मर्मत कार्य र सडक खण्डको विद्युत्तिय संरचना स्थानान्तरण	उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ ।

– नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र

डेंगीबाट बच्ने उपायहरु

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान
बिर्तामोड-२, झापा

विषय :- प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने सम्बन्धमा ।

श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठीमी, भक्तपूरको क्रमशः मिति 2080/05/13 गते र मिति 2080/06/02 गते प्रकाशित सूचना अनुसार यस प्रतिष्ठानद्वारा संचालन गरिने प्रि-डिप्लोमा तह औद्योगीक प्रशिक्षार्थी (Apprenticeship)होटल व्यवस्थापन तालिम कार्यक्रमका लागि फाराम भर्ने म्याद 2080/06/17 गते कार्यालय समयसम्म थप गरिएको हुँदा SEE परीक्षा उत्तिर्ण, उमेर 18 वर्षदेखी 25 वर्ष सम्मका योग्य प्रशिक्षार्थीहरुले अविलम्व फाराम भरी यस प्रतिष्ठानमा बुझाउनुहुन सूचित गरिन्छ । साथै होटल व्यवस्थापन विषयको प्रि-डिप्लोमा तहको (Apprenticeship) प्रवेश परीक्षा मिति 2080/06/20 गते विहान 8:00 वजे संचालन गरिने छ । थप जानकारीको लागि प्रतिष्ठान कार्यालय, विर्तामोड वा फोन नं. 9824962926, 9842625381 मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

प्रिन्सिपल
नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान
विर्तामोड -02, झापा ।

२०८० असोज ०३ गतेको अंकमा प्रकाशित सूचनामा वडा नं. २ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र
झापा जिल्ला शाखा, भद्रपुर

२३ औं वार्षिक साधारण सभा तथा कार्यसमितिको निर्वाचन सम्वन्धी सूचना

नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र झापा जिल्ला शाखाको २३ औं वार्षिक साधारण सभा तथा जिल्ला कार्यसमितिको निर्वाचन निम्न मिति, समय र स्थानमा गर्ने भनी समितिको मिति २०८० असोज ३ गते बसेको वैठकले निर्णय गरेको र निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय कार्यालयवाट निर्वाचन समितिसमेत गठन भईसकेकोले निम्न मिति, समय र स्थानमा हुने यस संस्थाको २३ औं वार्षिक साधारण सभा र निर्वाचनमा सहभागिताका लागि संस्थाका सम्पूर्ण सदस्य ज्यूहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

२३ औं वार्षिक साधारण सभा : मितिः २०८० असोज २० गते शनिवार
समय : विहान १०वजे देखि
स्थानः झापा उद्योग संघको सभाहल भद्रपुर ५, जनताचोक झापा
२० गतेको साधारण सभामा गणपुरक संख्या नपुगी स्थगन हुनगएमा सो को भोलिपल्ट मिति २०८० असोज २१ गते आईतवार समय विहान १० वजेदेखि सोहि स्थानमा साधारण सभा हुने समेत सूचित गरिन्छ)

कार्यसमितिको निर्वाचन :मिति २०८० असोज २२ गते
समय : विहान ८:०० बजेदेखि
स्थानःझापा उद्योग संघको सभाहल भद्रपुर ५, जनताचोक झापा
निर्वाचन कार्यक्रम निर्वाचन समितिले प्रकाशित गरेबमोजिम हुने छ ।
मितिःर२०८० असोज ४ गते

सुरेश श्रेष्ठ
संयोजक

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

बिमा सुविधा कि असुविधा ?

नेपालमा स्वास्थ्य र शिक्षा सबैभन्दा महँगो भएको छ। जबकि संविधानले नै नागरिकलाई नि:शुल्क आधारभूत स्वास्थ्य सुविधाको सुनिश्चितता गरेको छ। नेपाली जनता त्यो संवैधानिक हकबाट वञ्चित छन्। शिक्षामा पनि त्यस्तै छ।नागरिकको उपचारमा सहुलियत होस्, सुलभ होस् भनेरै सरकारले स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको छ। तर त्यही बिमाको सुविधा लिन वा बिरामी पर्दा सजिलै उपचार पाउन अनेक हन्डर खानुपर्छ। बिमा कार्यक्रमको सेवा उपयोग गर्न अनेक सास्ती छन्। एकातिर बिरामीले उपचार पाउनै महाभारत छ। अर्कोतिर बिमा गरेका बिरामीको उपचार गरेका अस्पतालले सरकारबाट अर्थात् स्वास्थ्य बिमा बोर्डबाट पाउनुपर्ने भुक्तानी पाएका छैनन्। सारमा स्वास्थ्य बिमाको कन्तबिजोग छ।

विकसित देशहरूमा पनि आफ्ना नागरिकको स्वास्थ्योपचारका लागि बिमाको व्यवस्था गरिएको हुन्छ। स्वास्थ्य बिमा केवल विकसित देशको नक्कलमात्रै होइन, खासमा समाजवादी विचारबाट प्रेरित र नागरिकप्रति उत्तरदायी राज्यकै व्यवस्थाको एउटा कार्यक्रम हो। नागरिकको पनि यो कार्यक्रममा आकर्षण छ। नभए, देशभरका ७ सय ४९ पालिकाबाट झन्डै ७२ लाख नेपाली स्वास्थ्य बिमामा आवद्ध हुँदैनथे। त्यतिका नागरिकले बिमा सुविधाअनुसार स्वास्थ्योपचार पाउन ४ सय ६७ वटा अस्पतालसँग सरकारको सम्झौता छ। निश्चित रकम तिरेपछि निश्चित खर्चसम्मको बिमाको सुविधास्वरूप स्वास्थ्योपचार पाउने विधि आफैंमा नागरिकका हितमा छ। तर व्यवहारमा भने निकै झमेला हुँदा यो सुविधा वास्तवमै संकटमा छ।

उपचार गर्न बिमाको कागज लिएर अस्पताल जाँदादेखि औषधि लिँदासम्म गरी कम्ती ६ वटा लाइन लाग्नुपर्छ। टोकन लिन लाइन, टिकट काट्न लाइन, जँचाउन लाइन, प्रयोगशालामा लाइन र औषधि लिन लाइन। ती झमेलाले बिरामी उपचार गरेर निको हुनुभन्दा झन् बिरामी पर्ने जोखिम छ। अर्कोतिर बिमा गराएका बिरामीले पाउने भनेका हजार थरीभन्दा बेसी औषधि नै पाइँदैनन्। किनेरै खान बिरामी बाध्य छन्। यस्तो कन्तबिजोग र अस्पतालहरूसमेत बिमाका बिरामीको उपचार गर्दाको पैसा नपाएर थला परेका छन्। कतिमा त यो सुविधा बन्दै पनि भएको छ।

सरकार संवैधानिक हक नागरिकलाई उपलब्ध गराउन लाग्नु पर्छ। बिमा सुविधालाई चुस्त पार्नुपर्छ। स्वास्थ्य सेवाका लागि सरकारले नागरिकलाई दु:ख दिने वा वञ्चित गर्नु हुँदैन।

बाल भविष्य संरक्षणमा समुदाय

• विष्णुकुमारी लामिछाने

बालबालिका भविष्यका जिम्मेवार नागरिक हुन् । समाज विकासको गति उनीहरूको व्यक्तिगत विकासमा निर्भर रहन्छ । बालबालिकाको उज्ज्वल भविष्यका लागि अभिभावक, परिवारसँगै समुदायको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । समुदायमा रहेका बालबालिकासम्बन्धी समस्याको पहिचान गर्दै दिगो समाधानतर्फ समयमै ध्यान दिन सकेमा सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणमा मद्दत मिल्छ । बालबालिकामा गरेको लगानी, ल्याउँछ सुनौलो बिहानी भन्ने कुरालाई आत्मसात् गर्दै समुदायले उनीहरूको भविष्य निर्माणमा अग्रसर भएर लाग्न सकेमा मात्र बाल अधिकार संरक्षणमा टेवा पुग्न सक्छ । सानै उमेरमा जोखिममा परेमा बालबालिकाको भविष्य उज्ज्वल बन्ने अपेक्षा गर्न सकिँदैन । अहिले समाजमा बाबुआमाको सम्बन्ध विच्छेद, घरेलु हिंसा, छोराछोरीप्रतिको जिम्मेवारी बोधको अभाव, अभिभावकको मृत्यु, पारिवारिक विकर्षणलगायत विभिन्न कारणले बालबालिका समस्यामा परिरहेका छन् । कतिपय बालबालिका पारिवारमा नै दुर्व्यवहारमा परिरहेका हुन्छन् । जसको कारण कोही श्रममा संलग्न हुने, चोरी लुटपाट जस्ता आपराधिक गतिविधिमा लाग्ने, सडकमा आउने, बेचबिखन तथा ओसारपसारमा पर्ने, बालगृहमा पुग्ने, लागुऔषध सेवन तथा ओसारपसारमा संलग्न हुने जस्ता खराब प्रवृत्ति मौलाउँदै जान्छन् । जबसम्म समुदायले पारिवारिक पीडा र समस्यालाई सामाजिक समस्याको रूपमा बोध गरेर समाधानतर्फ लाग्न सक्दैनन्, तबसम्म संस्थागत र सरकारी तबरबाट गरिएको प्रयासले मात्र समाज सुधारमा पूर्णता प्राप्त गर्न सक्दैन ।

पारिवारिक संरक्षण बालबालिकाको भविष्य निर्माणको पहिलो पाइला हो, यद्यपि सबै बालबालिकाका लागि यो पर्याप्त हुँदैन । अझै भन्नुपर्दा अहिलेको परिवेशमा छोराछोरी बाबुआमा दुवैको साझेदारीपूर्ण व्यवहारको माया ममतामा हुर्किन पाएका छैनन् । वैदेशिक रोजगारी होस् या स्वदेशको नै किन नहोस् शिक्षित परिवारका भए पनि या साथमा नै भए पनि कामकाजी बाबुआमाका सन्तानले अभिभावकको पूर्ण रखबारीमा हुर्किँदै व्यक्तित्व विकास गर्न पाएका छैनन् । यस्तो अवस्थामा बालबालिकाको सङ्गत, आचरण, समय व्यवस्थापन, हाउभाउ, प्रस्तुतीकरण, व्यवहार, रहनसहन सही ढङ्गबाट निर्देशित गर्न समुदायको ठुलो भूमिका रहन्छ ।

कुनै परिवारमा घट्ने घटनाले सिङ्गो समुदायमा बसोबास गर्ने परिवारका बालबालिकालाई असर गर्दछ । त्यसर्थ घटना घटेपश्चात् होइन नघट्दै सचेत हुन सक्नु पर्छ । आफ्नै अभिभावक, आफन्त, छिमेकी, शिक्षक वा चिनेजानेकै व्यक्तिले गरेको यौनजन्य दुर्व्यवहारका कारण किशोरी मानसिक तनावमा परी आत्महत्याको प्रयाससमेत गरेका घटना हामीसामु छन् । यस्ता हैरानी बेहोरेका विषयमा बोल्न किशोरी सजिलै सकिरहेका हुँदैनन् । छोरी कुन परिवारको नभनी पीडित अझै पीडित बन्न सक्ने विषयमा सचेत हुँदै समुदायले उनीहरूका लागि खुल्न सक्ने सहज वतावरण तयार गर्नु पर्छ ताकि आपराधिक गतिविधिले निरन्तरता पाउन नसकोस् । पीडकलाई समयमै कानुनी उपचारमा जोड्ने परिवेशको सिर्जना हुन सकोस् ।

समाज परिवर्तनशील छ, सूचना र प्रविधिको विकासले गर्दा रहनसहन बदलिएको छ । पुरानो पुस्ता र नयाँ पुस्ताबिचको सामीप्यताको कमी साथै पुराना प्रविधि, ज्ञान र सिपको हस्तान्तरण हुन सकेको छैन । बसाइँसराइ र एकल अभिभावकको कारण बालबालिकाको सिकाइको दायरा फराकिलो बन्न सकेको छैन । समुदायले यस्ता विषयमा ध्यान दिँदै बिदाको दिनमा सामाजिक कार्यक्रमको आयोजना गरी बालबालिकालाई नैतिक आचरण, मौलिक संस्कृति र परम्परागत ज्ञान, सिप हस्तान्तरण, पुराना प्रविधि, भाषा, कला, साहित्यलगायत विषयमा बोध गराउँदै व्यावहारिक बनाउनु पर्छ । समुदायको पहिचान गराउने विषय, पर्यटकीय स्थल, स्थानीय वेशभुषा, वातावरणीय सरसफाइ प्रवर्धन तथा सार्वजनिक क्षेत्रको संरक्षणका विषयमा समेत जानकारी गराउनु पर्छ । हुने खाने र हुँदा खाने सबै वर्गका मानिस समुदायमा बसोबास गर्छन् । यस्ता दुवै खालका परिवारका बालबालिका फरक फरक प्रकृतिका जोखिममा हुन्छन् । कोही आर्थिक सम्पन्नतामा हुँदा कुलतमा फँस्ने त कोही आर्थिक तथा पारिवारिक हेरचाहको अभावमा तीव्र इच्छा हुँदाहुँदै पनि शिक्षालाई निरन्तरता दिन नसक्ने हुन्छन् ।

बालबालिकाले समुदायबाट धेरै कुरा सिक्छन्, अनुकरण गर्छन् । उनीहरूले अरूले गरेका गतिविधिलाई नियालेर हेर्ने र बुझ्ने प्रयास गरिरहेका हुन्छन् । कसैले बालविवाह गरेमा, श्रममा बालबालिका प्रयोग गरेमा, अग्रजले मादक पदार्थ सेवन गरेमा, अपमानजनक व्यवहार गरेमा वा यस्तै हानिकारक अभ्यास समाजमा हुँदा कुनै पनि प्रतिक्रिया नहुने, कानुनबमोजिम पीडकलाई सजायका लागि वातावरण सिर्जना नहुने र सबैले मौन समर्थन गर्दै जाने हो भने अवश्य पनि बालबालिकाले त्यसैको सिको गर्दै जान्छन् र कुप्रथा तथा हानिकारक अभ्यासले निरन्तरता प्राप्त गर्छन् । जुन कसैको लागि पनि हितकर हुँदैनन् । तसर्थ समुदायमा हुने हानिकारक अभ्यास र खुलेआम गरिने अनैतिक व्यवहारको सबै मिलेर प्रतिवाद गर्नु पर्छ, यसले बालबालिकालाई सानैदेखि खराब प्रवृत्तिमा लाग्नबाट संरक्षण गर्छ ।

समुदायमा आधारित संस्थाले नियमित रूपमा बालबालिकालाई सहभागी गराएर ध्यान, योग तथा सकारात्मक सोच अभिवृद्धि गराउने कार्यक्रम तथा प्रवचन कार्यक्रम सञ्चालन गर्न सकेमा बालबालिकालाई असल बाटोमा डोऱ्याउन मद्दत पुग्छ । समुदाय स्तरमा बाल समूह गठन गरेर सम्भावना केन्द्रित र समस्या समाधानमा केन्द्रित विभिन्न अतिरिक्त क्रियाकलाप उनीहरूकै नेतृत्वमा सञ्चालन गर्न गराउन सकेमा बालबालिकामा रहेका प्रतिभा उजागर गर्न सहयोग पुग्ने छ । साथै समुदाय स्तरमा रहेका समस्याप्रति सजग हुँदै समाधानमा समेत उनीहरू प्रयत्नशील रहन्छन् अर्थात् जिम्मेवारी बोध गर्न सक्ने हुन्छन् । हामीले अहिले प्रदान गरेको वातावरण र अवसरले नै बालबालिकाको भविष्य निर्धारण हुने भएको हुँदा बालबालिकामा पर्याप्त लगानी गर्न सबैले पहल गरौँ ।

सुशासनप्रति सरकारी प्रतिबद्धता

• नगेन्द्रराज पौडेल

सरकारले आर्थिक अनियमितता नियन्त्रण र सुशासनको प्रत्याभूतिद्वारा आमनागरिकका लागि छिटो, छरितो सेवा प्रवाह गर्न खोजेको छ । यसलाई व्यवहारमा उतार्ने काम कर्मचारीतन्त्रको हो । आज सरकारी सेवा प्रवाह बढी झन्झटिलो र प्रक्रियामुखी भएको गुनासो यत्रतत्र सुनिन्छ । स्वयं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले एक कार्यक्रममा आजको सरकारी सेवा प्रक्रियामा अड्किँदा परिणाममा ढिलाइ हुने गरेको बताउनुभएको छ । भ्रष्टाचार भन्नु आर्थिक अनियमितता मात्र होइन, गर्नुपर्ने काम नगर्नु वा ढिलो गर्नु पनि हो । छिद्रान्वेषी खोजेर काम टार्ने र सार्ने जस्ता कर्मचारी प्रवृत्तिका कारण आज पनि सुशासन ओझेलमा परेको छ । तसर्थ अब प्रधानमन्त्रीले भने जस्तै कर्मचारीतन्त्रमा पुरापुर रूपान्तरण जरुरी छ ।

भनिन्छ, कुनै पनि देशको राज्य व्यवस्था हेर्नुपऱ्यो भने त्यहाँको कर्मचारीतन्त्र हेरे पुग्छ । सालाखाला कर्मचारीतन्त्रको व्यवहारले त्यस देशको सरकारको विम्ब देखाउँछ, देखिनु पनि पर्छ । यसै कारण कर्मचारी राम्रा सरकार नराम्रो र सरकार राम्रो कर्मचारी नराम्रा हुनै सक्दैन । जनताले तिरेको करबाट तलबभत्ता खानेहरू अन्ततोगत्वा जनताप्रति वफादार भएर सरकारले लाए, अह्राएको काम गर्नु हरेक राष्ट्रसेवकको दायित्व हो र अर्को शब्दमा 'नुनको सोभ्रो' समेत हो । यसै कारण लोकतन्त्रमा निजामती सेवालाई राज्यका तर्फबाट नागरिक सेवा वितरण गर्ने संस्थाका रूपमा हेर्ने गरिन्छ । सङ्घीयतासहितको नयाँ संविधान जारी भएको आठ वर्ष पुग्यो । आजसम्म सङ्घीयतामा कर्मचारी कजाउने संहितासम्म बनेको थिएन । यसले गर्दा कर्मचारीको वृत्ति विकासदेखि विगतमा गरिएको कर्मचारी समायोजनसमेतको भविष्य अन्योलमा थियो । लामो विवाद र धेरै प्रयास हुँदाहुँदै पनि वर्तमान सरकारले निजामती विधेयक पारित गरी सदनसमक्ष पेस गर्ने निर्णय गरेको छ । उक्त विधेयक दुवै सदनबाट पारित भई राष्ट्रपतिद्वारा प्रमाणित भएपछि ऐनको रूप लिने छ । छिद्रान्वेषी निहुँ खोजी सदन अवरोध गर्ने अहिलेको अवस्थामा सदनबाट उक्त ऐन कहिले पारित हुने हो भन्ने कुरामा भने अझै शङ्का छ ।

२०१३ सालमा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको संयोजकत्वमा गठित प्रशासकीय योजना आयोगले दिएको सुझावबमोजिम सोही वर्ष भदौ २२ गते पहिलो पटक निजामती सेवा ऐन, २०१३ जारी भएको थियो । सोही दिनको सम्झनास्वरूप २०६१ सालदेखि हामीकहाँ निजामती सेवा दिवस मनाउन थालिएको हो ।उक्त दिवसका अवसरमा मुख्य सचिवको अध्यक्षतामा बनेको सिफारिस समितिले पुरस्कृत हुन योग्य कर्मचारीको नाम सिफारिस गर्ने र सो नामावलीमध्येबाट नेपाल सरकारले सर्वोत्कृष्ट एक जना, उत्कृष्ट १० जना र निजामती पुरस्कारका लागि ३० जनाको नाम छनोट गर्ने प्रावधान छ । विगतमा जस्तै यस पटक पनि एक लाखसहित १० जनालाई उत्कृष्ट र ३० जनालाई ५० हजारसहित निजामती सेवा पुरस्कारका लागि छनोट गरियो तर दुई लाखसहितको सर्वोत्कृष्टका लागि भने कुनै पनि कर्मचारी योग्य देखिएनन् । विगत वर्षदेखि नै सर्वोत्कृष्ट पाइएका छैनन् । निजामतीभित्रको ठुलो सङ्गठनभित्र एउटा उदाहरणीय कर्मचारीको खडेरी परेकै हो त ? गम्भीर प्रश्न खडा हुन्छ । योग्यतम कर्मचारीको अभावमा सुशासन कसरी सम्भव होला ?

संयुक्त राष्ट्रसङ्घले सन् २००३ देखि जुन २३ लाई 'पब्लिक सर्भिस डे' (विश्व सार्वजनिक सेवा दिवस) का रूपमा मनाउँदै आएको छ । संसारका अन्य कतिपय देशमा पब्लिक सर्भिस डे का रूपमा यो दिवस मनाउने चलन छ र यो दिन त्यहाँ उत्कृष्ट सेवा प्रदायक संस्था सम्मानित हुन्छन् । हामीकहाँ भने संस्थामा मरीमरी काम गर्ने एउटा र पुरस्कार लिने अर्को हुन्छ । यहाँ संस्था हैन, व्यक्ति पुरस्कृत हुने अगतिलो परम्परा छ । कुन संस्थाभन्दा पनि को व्यक्ति पुरस्कृत भयो भन्ने कुरा नै हामीकहाँ प्राथमिकतामा पर्ने गर्छ । यही अवस्थामा निजामतीतर्फ सर्वोत्कृष्ट मात्र होइन, अन्य पुरस्कारको पनि अस्तित्व देखिँदैन । कुनै पुरस्कारका लागि पात्र फेला नपर्नु र कुनैमा दिइएका पात्रप्रति जनविश्वास नहुनु जस्ता कारणले यसको औचित्य पुष्टि हुन सकेको छैन ।

कर्मचारी र सरकार एक अर्काका परिपूरक हुन् । बैरी होइनन् । सरकारले नीति बनाउने कर्मचारीले लागु गर्ने हो । यस अर्थमा कर्मचारीले सरकारसँग लय मिलाउनु पर्छ भनिएको हो । सरकार भनेको राजनीतिक दल नै होइन । सरकारलाई सघाउनु भनेको सरकार सम्बद्ध दलको भक्त हुनैपर्ने भन्ने पनि होइन । सरकार र कर्मचारी प्रशासनबिचको सम्बन्धबारे भारतका प्रसिद्ध पूर्वप्रशासक तथा चीनका लागि भारतीय पूर्वराजदूत आरके नेहरूका अनुसार भारतमा ब्रिटिस सरकारको पालामा कर्मचारीलाई तीन समूहमा विभाजन गरिएको थियो । मन्त्रीले भनेको कुरालाई बिनाकुनै प्रश्न मान्ने कर्मचारी 'ए' वर्गमा, मन्त्रीले भनेको कुरामा असहमति जनाउने तर कामचाहिँ मन्त्रीले भने अनुरूप नै गर्ने 'बी' र मन्त्रीले भनेको गर्न नमिल्ने कुरालाई कानुनी तर्कसहित मिल्दैन भन्ने र गर्दै नगर्ने कर्मचारीलाई 'सी' वर्गमा विभाजन गरिएको थियो । त्यो बेला 'सी' वर्गका कर्मचारी निकै पीडित हुन्थे ।

नेपालमा त्यसरी प्रत्यक्ष रूपमा वर्ग विभाजन गरेको त पाइँदैन तर काम गर्ने सवालमा विभेदकारी व्यवहार भने देखिन्छन् । कर्मचारीमा पनि अनुकूलता हेरेर राजनीतिक काँचुली फेरिरहने प्रवृत्ति बढ्दो छ । नियम-कानुनको दायरामा रहेर निष्पक्ष र इमानदारीपूर्वककाम गर्ने कर्मचारीलाई वृत्ति विकास र अन्य सुविधामा पाखा लगाउने काम पनि निरन्तर भइरहेको छ । यसबाट सरकारले चाहेको सुशासन प्राप्त हुन कठिन पर्दछ ।

कर्मचारी प्रशासनका पिता मानिने म्याक्स वेबरले कर्मचारीलाई सास फेर्ने मेसिन मानेका छन् । उसले मेसिनले झैँ काम गर्नु पर्छ भन्ने उनको मान्यता हो । यसका लागि कर्मचारीलाई उत्प्रेरित गर्नुपर्ने धारणा वेबरले राख्छन् । हामीकहाँ कर्मचारीलाई दलेर मात्र काम गर्ने, चाकडी, चाप्लुसीमा रमाउने, परिणाममा भन्दा प्रक्रियाको हाउगुजी देखाएर ढिलासुस्ती गर्ने, टिप्पणी आदेशमा रमाउने सुविधाभोगी वर्गका रूपमा मात्र चित्रण गर्ने गरिन्छ ।

सरकारले सुशासनका लागि कडा नीति अङ्गीकार गर्न नसक्दा गाउँगाउँमा सिंहदरबार कर्मचारीकै कारण सफल हुन नसकेको सत्य हो । हाम्रा मान्छेलाई काखी च्याप्ने र राम्रा मान्छेलाई अवसर नदिने प्रवृत्ति जुनसुकै सरकारले पनि अवलम्बन गरेकै कारण म्याक्स वेबरले भने जस्तो कर्मचारी मेसिनरूपी हुन सकेका छैनन् । न उत्साह छ, न जाँगर ।

२०७८ देखि २०८२ सम्मको निजामती सेवा दिवसका लागि सरकारले 'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन' भन्ने नारा अघि सारेको छ । पहिलो निजामती सेवा दिवस, २०६१ मा 'सुशासन र प्रदान गरिने सेवाको प्रभावकारिता' भन्ने नारा अघि सारिएको थियो । २० वर्षका २० वटै निजामती दिवसका नारामा विकास, सुशासन, पारदर्शिता, सेवा प्रवाह प्राथमिकतामा परेका विषय हुन् तर पनि सुशासन कायम हुन किन सकेको छैन ?

ट्रान्सपरेन्सी इन्टरनेसनलले १८० मुलुकबिच गरेको सर्वेक्षण अनुसार सुशासनमा सन् २०२१ मा ३३ अङ्कसहित ११७ औँ स्थानमा रहेको नेपाल सन् २०२२ मा केही सुधार गरी ३४ अङ्कसहित १११ औँ स्थानमा उक्लिएको छ । सूचाङ्कमा केही सुधार भएता पनि भ्रष्टाचार व्याप्त मुलुकको श्रेणीमा हाम्रो देशको नाम यथावत् छ । यो निकै दुःखद पक्ष हो ।

यतिबेला नेपाल सरकारका कार्यरत सचिवसहित विभिन्न तहका कर्मचारी नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र अन्तर राष्ट्रिय विमानस्थलबाट ६१ केजी सुन बाहिरिएको सन्दर्भमा पक्राउ परी उनीहरूमाथि अनुसन्धान हुँदै छ । सरकारले गरेको यो उच्चतम अनुसन्धान सुशासनका लागि आगामी दिनमा कोसेढुङ्गा साबित हुने देखिन्छ । यी प्रकरणमा राजनीतिक वृत्तमा पूर्वउपप्रधानसहित गृहमन्त्री र प्रशासनिक वृत्तमा बहालवाला सचिवदेखि अरू कर्मचारीसम्म पक्राउ गरी अनुसन्धानको दायरामा ल्याएको सम्भवतः यो नै पहिलो घटना हुनु पर्छ । सरकारले अङ्गीकार गरेको 'दोषी नछुटून् निर्दोष नफसून' भन्ने नीति सुशासनका सन्दर्भमा निकै उपयुक्त र सर्वथा जायज देखिन्छ । सुशासनको विरोधी नै भ्रष्टाचार हो र यसको समूल नष्ट नै आजको आवश्यकता हो । यस मामिलामा सरकारले अख्तियार गरेको नीति उपयुक्त देखिन्छ ।

महालेखापरीक्षकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/८० सम्मको बाँकी बेरुजु रु. पाँच खर्ब ८७ अर्ब ३४ करोड देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन अनुसार आव २०७९/८० मा अख्तियार दुरुपयोगसम्बन्धी २४ हजार ३३१ उजुरी परेका देखिन्छ । राजनीतिक मात्र होइन, कतिपय प्रशासनिक निर्णय पनि गैरकानुनी, संविधानविपरीत र पूवाग्रहले युक्त भएको ठहर गर्दै न्यायिक निरुपणका क्रममा खारेज भएका दृष्टान्तहरू छन् । प्रशासनिक कामकारबाहीमा चित्त नबुझी अदालत गएकाहरूले धमाधम मुद्दा जितेर आएको वा अन्तरिम आदेशले सरकारका काम बदर भएका अनेकानेक दृष्टान्तहरू छन् । यी सबै अवस्थाले हामी सुशासनभन्दा निकै टाढा छौँ भन्ने तथ्य उजागर गरेका छन् । यस अवस्थाको सुधारका लागि सरकार निर्ममताका साथ प्रस्तुत हुनु जरुरी छ ।

बाल सुधारगृहमा थुनुवाबीच झडप, एकको मृत्यु

झापा(प्रस) । बाँकेको डुडुवा गाउँपालिका- ६ असमानपुरको जयन्दु बाल सुधारगृहका थुनुवाबीच बिहीबार राति झडप हुँदा एक जनाको मृत्यु भएको छ । झडपमा घाइते भएका रुपन्देहीका २० वर्षीय सुलभ केसीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाँकेका डिएसपी तथा प्रवक्ता नारायण डाँगीले बताए । जबर्जस्ती करणी मुद्दामा उनलाई सुधारगृहमा राखिएको प्रहरीले जनाएको छ ।

समूह-समूह बनाएर भिड्नेमध्ये ११ जनालाई राति नै नियन्त्रणमा लिएर उपचारका लागि अस्पताल लगेको कारागार प्रमुख विमला काउचाले बताइन् । २५५ थुनुवा रहेको उक्त बाल सुधारगृहबाट ९ जना सम्पर्कविहीन भएका छन् । बाल सुधारगृहमा १८ वर्षभन्दा माथिकालाई पनि राखिएको र उनीहरुलाई व्यवस्थापन गर्न नसक्दा उनीहरुले बेलाबेला प्रहरी इन्जार्जलाई पिट्ने गरेको बाल सुधारगृह स्रोतले जानकारी दिएको छ ।

अनलाइनमार्फत ११ लाख ठगी गर्ने महिला पक्राउ

झापा(प्रस) ।'फिफिया' नामको एपमार्फत अनलाइन बेटिङ गराएर ११ लाख २७ हजार ठगी गरेको आरोपमा पक्राउ परेकी एक महिलालाई प्रहरीले सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा भोजपुर हतुवागढी गाउँपालिका-६ घर भई हाल काठमाडौँ टोखा नगरपालिका-६ बस्ने २८ वर्षीया दादीकी शेर्पा राई रहेकी र उनले फुटबललगायत अनलाइन खेलको विज्ञापन राखेर बेटिङमार्फत ११ लाख २७ हजार ठगेको अनुसन्धानबाट खुलेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार सामाजिक सञ्जालमार्फत साथी बनाएर इमेल आइडी बनाउन र फिफिया एप इन्स्टल गर्न लगाउनाका साथै बैंक खातालगायतको बायोडाटा विवरण अपडेट गर्न लगाएर पीडितलाई सोही एपबाट हुने आर्थिक कारोबार नेपालमा कानुनबमोजिम छ भनी विश्वास दिलाइ ठग्ने गरेको अनुसन्धानबाट खुलेको छ । विभिन्न देशबीच हुने फुटबललगायत अनलाइन खेलको विज्ञापन राखेर उनले सट्टेबाजी खेलेमा ९० मिनेटभित्र फाइदा हुने भन्दै उक्त रकम ठगेको भेटिएकाले निजविरुद्ध प्रचलित कानुनबमोजिम ठगी तथा सट्टाबाजीसम्बन्धी कसुरमा अनुसन्धान एवं कारबाहीका लागि टेकुस्थित जिल्ला प्रहरी परिसरमा पठाइएको प्रवक्ता रेग्मीले बताए।

सरकारी गाडीको ठक्करबाट दुईजना गंभीर घाइते

झापा(प्रस) । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, झापाको गाडीको ठक्करबाट दुईजना गंभीर घाइते भएका छन् । झापाको कन्काई नगरपालिका ३ स्थित पूर्व पश्चिम राजमार्गमा शुक्रवार बिहान १०.२५ बजे परियोजना कार्यान्वयन इकाईको बा २ झ २५७१ नं को बोलेरो पिकअपले ठक्कर दिँदा पैदलयात्रीहरु कन्काई ३ बस्ने ६२ वर्षिया भूमिका तिम्सिना र भद्रपुर ५ बस्ने ४५ वर्षिय विनोद मण्डल घाइते भएका हुन् । दाहिने खुट्टा र दाहिने हातमा चोट लागेकी तिम्सिनाको अबस्था गंभीर रहेको छ भने बायाँ खुट्टामा चोट लागेका मण्डलको अबस्था सामान्य रहेको छ । उनीहरुको बीएण्डसी अस्पतालमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको परियोजना कार्यान्वयन इकाईको बा २ झ २५७१ नं को गाडी इकाई प्रमुख उपसचिव रविन्द्र सुवेदी आफैले चलाएका थिए । बेलबारी ३ बस्ने ५१ वर्षिय सुवेदीलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

पाँचथरमा २० दिनमा ३ सय जनामा डेंगी संक्रमण

झापा(प्रस) । डेंगी संक्रमित फाट्टफुट्ट देखा पर्न थालेयता लामखुट्टे धपाउन किटनाशक छर्ने र सरसफाइको अभियान चलाउँदा पनि पहाडी जिल्ला पाँचथरमा बिरामीको संख्या घटेको छैन । भदौ १५ देखि असोज ३ गतेसम्म २० दिनको अवधिमा संक्रमितको संख्या ३ सय ३ पुगेको स्वास्थ्य कार्यालय पाँचथरले जनाएको छ । सबैभन्दा धेरै संक्रमित फिदिम नगरपालिकामा छन् । यो नगरपालिकामा मात्रै हालसम्म २ सय ३७ जनालाई संक्रमण पुष्टि भइसकेको जिल्ला स्वास्थ्य प्रमुख तेजबहादुर तुम्बापोले बताए । यस्तै हिलिहाङ गाउँपालिकामा २६, फालेलुङमा १२, कुम्मायकमा ९,फाल्गुनन्दमा २ जना र जिल्ला बाहिर ठेगाना लेखिएका १० जना संक्रमित उपचारार्थ स्वास्थ्य संस्थामा पुगेको जनस्वास्थ्य कार्यालयको तथ्यांकमा छ । जिल्ला स्वास्थ्य प्रमुख तुम्बापोका अनुसार फिदिममा बिहीबार एकैदिन २८ जनालाई डेंगी संक्रमण पुष्टि भएको छ । पाँचथरमा जिल्ला अस्पताल र गणेशमानसिंह सामुदायिक अस्पतालमा मात्रै डेंगी परीक्षण हुँदै आएको छ ।

केही निजी क्लिनिकले पनि परीक्षण गरिरहेका छन् । तर उनीहरुले गरेको परीक्षणको तथ्यांक प्राप्त नभएको जिल्ला जनस्वास्थ्य तुम्वापो बताउँछन् । डेंगी नियन्त्रणका लागि नगरपालिकाले किटनाशक औषधि छर्ने र सरसफाइका अभियान चलाइरहेको छ । पानी अभाव भइरहने बस्ती धेरै छन्[] जहाँ खाँचो टार्न वर्षाको पानी पनि संकलन गरेर राखिन्छ । त्यसरी राखेको पानीमा लामखुट्टे हुर्किने हुनाले स्वास्थ्यकर्मीले सतर्कता अपनाउन सुझाएका छन् ।

सीमा परिचयपत्र बाँड्न टोली ताप्लेजुङको गोलामा

झापा(प्रस)। ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोला र याङमाका नागरिकलाई सीमा परिचयपत्र वितरण गरिने भएको छ । सीमा वारपार अर्थात् चीन जाने प्रयोजनार्थ प्रयोग गरिने परिचयपत्र वितरणका लागि प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङ नेतृत्वको टोली ओलाङ्चुङगोला पुगेको छ ।

ओलाङ्चुङगोलाका नागरिकलाई परिचयपत्र वितरण गर्ने चेम्जोङले बताइन् । जिल्लाका सुरक्षा निकायमा प्रमुखहरु प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक लगायतको टोली नेपाल-चिन सिमाना टिप्ताला भञ्ज्याङसम्म पुगेर फर्कने चेम्जोङले जानकारी दिइन् । 'हामी सीमा क्षेत्रको अवलोकन पनि गरेर फर्कने तयारीमा छौं,' उनले भनिन् । ओलाङ्चुङबाट सिमानासम्म पुग्न २४ किलोमिटर दुरी रहेको छ । सीमा क्षेत्रको अवलोकन तथा परिचयपत्र वितरण व्यवस्थापनका लागि गाउँपालिका अध्यक्ष राजन लिम्बू मंगलबार नै ओलाङ् चुङगोला पुगेका छन् । चीनको वुहानमा कोरोना संक्रमण देखिएदेखि नेपाल-चीन नाका बन्द रहेको छ । तिब्बत प्रशासनका अधिकारी स्वयंले गत भाद्र २४ गतेदेखि खुला गर्ने प्रस्ताव फक्ताङलुङ गाउँपालिकाका स्थानीय जनप्रतिनिधिसमक्ष गरेका थिए । उसले सीमा वारपारका लागि सीमा परिचय पत्रचाहिँ अनिवार्य भनेको फक्ताङलुङ गाउँपालिका-७ का वडाध्यक्ष छेतेन शेर्पा लामा बताउँछन् ।

सिमानादेखि २५ किलोमिटर भित्रका नागरिकले एकअर्को देशमा आउजाउ गर्न पाउने प्रावधानका लागि यो परिचयपत्र प्रशासनले उपलब्ध गराउन लागेको जनाएको छ । तिब्बत प्रशासनले सीमा परिचयपत्र खोजेपछि वडा कार्यालय र गाउँपालिकाले जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरेका थिए । वडा सदस्य टासी शेर्पाका अनुसार ओलाङ् चुङगोलाका हरेक नागरिक पास फोटोसहित तयारीमा बसेका छन् । प्रमुख जिल्ला अधिकारीको टोली टिप्ताला भञ्ज्याङ पुगेर फर्किएपछि याङमाका नागरिकलाई वितरण गरिने गाउँपालिका अध्यक्ष राजन लिम्बू बताउँछन् । याङमाबाट ओलाङ्चुङ गोला पुग्न पूरै एक दिन लाग्छ । नियमित सञ्चार सम्पर्क नहुने उक्त स्थानका नागरिकलाई खबर भने गरेको शेर्पाले बताए ।

सन्दकपुरको प्रमुख प्रशासकिय अधिकृतमा यादव राउत

इलाम(प्रस) । कोशी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य घोषित सन्दकपुर गाउँपालिकाको नयाँ प्रमुख प्रशासकीय अधिकृतमा यादव

राउत नियुक्त भएका छन् । प्रमुख प्रशासकीय अधिकृत महेश राईको शहरी विकास मन्त्रालयमा सरुवा भएपछि नयाँ प्रमुख प्रशासकीय अधिकृतमा यादव राउत आएका हुन् । राउतलाई गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु, राजनीतिक दल, संघसंस्थाका प्रतिनिधिहरुले स्वागत गरेका छन् ।

प्रमुख प्रशासकीय अधिकृत राउतलाई स्वागत गर्दै उपस्थित जनप्रतिनिधि, राजनीतिक दलका नेता र संघसंस्थाका प्रमुखहरुले सन्दकपुरको संवृद्धि र विकासको यात्रा द्रुत गतिमा अघि बढेको र आगामी दिनमा थप उचाईमा पुग्ने खालका नीति निर्माणमा प्रमुख प्रशासकीय अधिकृतबाट सहयोग हुने आशा राखेका थिए ।

स्वागत कार्यक्रममा गाउँपालिका अध्यक्ष तुलाराम गुरुङ, उपाध्यक्ष हरि लुङ्गेली, वडा नम्बर २ का अध्यक्ष सनम राई, नेपाली कांग्रेसका जिल्ला सहसचिव देवेन्द्र सुवेदी, प्रशासकीय अधिकृत टिका बस्नेतलगायतले मन्तव्य राखेका थिए ।

पूर्व प्रहरी संगठन भद्रपुरको साधारणसभा

भद्रपुर(प्रस) । नेपाल पूर्व प्रहरी संगठन भद्रपुर नगर समितिको तेस्रो बार्षिक साधारणसभा सम्पन्न भएको छ । भद्रपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष मनोज सुब्बाको प्रमुख आतिथ्यतामा शुक्रबार सम्पन्न सभामा संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै समितिका अध्यक्ष ढाकालाल अधिकारीले समितिले अहिलेसम्म गरेका काम र भावी कार्यक्रमका बारेमा जानकारी दिएका थिए । कार्यक्रममा जिल्ला

प्रहरी कार्यालय झापाका प्रमुख , प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले संगठनका सदस्यहरुलाई जिल्लाको शान्ति सुरक्षामा सक्रिय भएर सूचनाको स्रोतको रुपमा काम गर्न आग्रह गरे ।कार्यक्रममा प्रहरी उपरीक्षक रेग्मीलाई स्वागतसहित ढाका टोपी पहिर्याएर सम्मान गरिएको थियो भने जेष्ठ सदस्य कालीप्रसाद घिमिरे, एकल जेष्ठ सदस्य टिकादेवी पौडेल र द्वन्द्वपीडित ज्ञानुमाया गिरीलाई समेत सम्मान गरिएको थियो ।

अधिकारीको अध्यक्षतामा सम्पन्न सभामा प्रमुख अतिथि सुब्बा, संगठन झापा अध्यक्ष खड्गबहादुर खड् का , भुतपूर्व सैनिक संघ झापाका सदस्य खड्गबहादुर बुढाथोकी , संगठन कोशी प्रदेश सचिव देवीभक्त आचार्य,संगठनका मेचीनगर अध्यक्ष अमिन अलि शेख,निवृत्त राष्ट्रसेवक समाज भद्रपुरका अध्यक्ष मुक्तिनाथ दाहाललगायतले मन्तव्य राखेका थिए ।समितिका सचिव केदारबहादुर अधिकारीले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य रमा अधिकारी चुडालले गरेकी थिइन् ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-580580 9852871580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

वृष — आटिको र ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ ।

मिथुन — निर्णायक क्षमतामा कमी आउनेछ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।

कर्कट — आज कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

सिंह — आज शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । पार्टी तथा सेमिनारमा सहभागी भइएला ।

कन्या — आज प्रतीक्षा गरिएको काम पुरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ ।

तुला — आज शरीर भारी र मन अस्थिर रहने संकेत देखिन्छ । घरायसी विवाद समेत

वृश्चिक — आज न्यायिक कार्यमा सफलता मिल्नेछ । जोशजांगर र हिम्मत बढ्नेछ ।

धनु — आज मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

मकर — आज बन्धुबान्धबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता पाइएला ।

कुम्भ — आज आफन्त व्यक्तिसंग विवाद पर्ने सम्भावना छ । गर्न खोजेका काममा

मिन — आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ ।